प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङ
कोशी प्रदेश, बिराटनगर

## प्रजनन योग्य बोकाहरुको उपलव्धताको श्रोत यकिन गर्न आवेदन आह्वान सम्बन्धि सूचना

सूचना नं.: १० - २०८०।०८१
प्रथम पटक प्रकाशित मितिः २०८०।१२।१९

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङको आ.ब.२०८०/८१ को बृहत्तर बाखा विकास कार्यक्रम अन्तरगत बोयर बोका खरिद कार्यको लागि देहाय बमोजिमको मापदण्ड अनुसारको प्रजनन योग्य शुद्ध वा क्रस बोयर बोकाहरुको उपलव्धताको श्रोत यकिन गर्न सरकारी वा निजी श्रोत केन्द्र वा रेकर्ड राखेको फार्म/कृषक समूह/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिन भित्र अर्थात् (मिति २०८१।०१।०३ गते भित्र) कार्यालय समयमा संलग्न गर्नु पर्ने कागजातहरु साथ तोकिएको ढाँचामा आवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता नहुने र छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा सूचित गराईन्छ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङको फोन नं. ०२१-४७५९५८ / ४७४३०७, वा अधिकृत श्री बडेलाल यादवको मोवाईल नं. ९८४४२९२३१९ मा सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।

प्रजनन योग्य बोयर बोकाको न्यूनतम मापदण्डः

- जातिय गुण प्रष्ट भएको र प्रजनन अभिलेख भएको हुनु पर्ने ।
- स्वास्थ्य र प्रजनन योग्यका साथै जुम्ल्यहा सन्तान मध्ये एक हुनु पर्ने।
- बोकाहरुको अण्डकोष बिकसित भएको र समान आकार प्रकार भएको हुनु पर्ने।
- बोयर वा बोयर क्रस बोकाहरुको जिवित तौल कम्तिमा ३० के.जी. हुनु पर्ने।

संलग्न गर्नु पर्ने कागजातहरुः-

१. रु. १० को टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।
२. व्यक्तिगत फर्मको हकमा रु.१०० तथा संस्थागत आवेदनको हकमा रु. २०० तिरेको राजश्व रसिद ।
३. आधारभुत बाख्राको तथ्याङ्क तथा मापदण्ड अनुसार उपलव्ध गराउन सक्ने बोकाको दररेट सहितको विवरण ।
४. स्थानीय तहको सिफारिस।
५. सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम सरकारी निकायमा दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपी ।

निवेदन बुझाउन सक्ने स्थानः- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङ ।

कार्यालय प्रमुख
वरिष्ठ पशु विकास अधिकृत